# यशोधरा गाउँपालिका

## १६ औं गाउँसभा

## बार्षिक बजेट नीति तथा कार्यक्रम

आ.ब. ०८२।०८३

यशोधरा गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय,

बैदौली, कपिलवस्तु

मिति २०८२ साल असार १० गते

स्वीकृत मिति : २०८२।०३।१०

आ.ब. ०८२।०८३ को बजेट नीति तथा कार्यक्रम

**सभा सदस्य ज्युहरु**

यस गरिमामय सभा समक्ष यशोधरा गाउँपालिकाको आर्थिक बर्ष २०८२।०८३ को बार्षिक बजेट नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा मैले गौरवान्वित महसुस गरेको छु । यस अवसरमा म नेपालको समग्र रुपान्तरणका लागि भएका राजनैतिक आन्दोलन र संघर्षको क्रममा जनताको कल्याण र उन्नतिका लागि जीवन समर्पण गर्नुहुने सबै ज्ञात अज्ञात सहिदहरुप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु, बेपत्ता नागरिक र घाइते योद्धाप्रति उच्च सम्मान व्यक्त गर्दछु ।

संघियता कार्यान्वयनका क्रममा यशोधरा गाउँपालिका स्थापना भएको झण्डै साढे सात बर्षको कार्यकालमा यशोधरा गाउँपालिकाले कानुन निर्माण, संगठन संरचना स्थापना र जनशक्ति व्यवस्थापनतर्फ प्रभावकारी रुपमा कार्यसम्पादन गर्दै **"स्वास्थ्य, शिक्षा, कृषि र पूर्वाधार समृद्धि यशोधराको आधार"** को दीर्घकालीन सोच पुरा गर्न सेवा प्रवाह, विकास व्यवस्थापन र शासकीय प्रबन्धको कार्य प्रभावकारी रुपमा गर्न क्रियाशील रहेको छ ।

**सभा सदस्य ज्युहरु**

## आ.व.२०८२/०८३ को बार्षिक बजेट, नीति तथा कार्यक्रम तर्जुमाका सैद्धान्तिक आधारहरु

१. नेपालको संविधान, २०७२
२. स्थानीय सरकार संचालन ऐन, २०७४
३. संघीय तथा प्रदेश सरकारका नीति तथा कार्यक्रमहरु,
४. स्थानीय तहको योजना तथा बजेट तर्जुमा दिग्दर्शन ,
५. संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट प्राप्त मार्गदर्शन तथा निर्देशनहरु
६. संघीय र प्रदेश सरकारको आ.व. ०८२।०८३ को बजेट वक्तव्य,
७. स्थानीय तहका विभिन्न कानुनहरु,
८. आन्त**रिक** राजश्वको अनुमानित आय आ.ब. ०८२।०८३
९. समय समयमा व्यक्त प्रतिबद्धताहरु,

नागरिकलाई अनुभुति हुने गरी विकास र सेवाको प्रतिफल वितरण शिक्षा, स्वास्थ्य, कृषि पशु तथा अन्य परिणात्मक र गुणात्मक सुधार गरी क्रमागत आयोजना संचालन गर्ने र दृर्घिकालिन सोच चिन्तन सहित विकासका सबै चरणहरुमा जनताको सहभागीता सहित सन्तुलित र चौतर्फी विकासको लागि यशोधरा गाउँपालिकाको एकीकृत विकास योजनाका लागि निम्न अनुसार नीति अवलम्बन गरिने छ ।

**सभा सदस्य ज्युहरु**

अब म वार्षिक नीति तथा कार्यक्रमको प्राथमिकताहरु प्रस्तुत गर्न अनुमति चाहन्छु ।

**गाउँपालिकाका प्राथमिकताहरु :**

१। शिक्षा र स्वास्थ्य
२। कृषि तथा पशु विकास
३। स्वच्छ खानेपानी तथा सरसफाई
४। सुशासन तथा सेवा प्रवाह
५। भौतिकपूर्वाधार
६। उद्यम विकास प्रवर्द्धन
७। सामाजिक विकास तथा विपद् व्यवस्थापन
८। बालमैत्री तथा वातावरण मैत्री स्थानीय शासन

**सभा सदस्य ज्युहरु**

अब म नीति तथा कार्यक्रमको उद्देश्य प्रस्तुत गर्न चाहन्छु ।

- ✓ परिणात्मक गुणस्तरीय शिक्षा, स्वास्थ्य कृषि तथा पशु विकास,
- ✓ स्वच्छ खानेपानी तथा सरसफाइ सहित गाउँपालिका वासीहरुको आर्थिक सामाजिक जीवनमा विकास
- ✓ सुशासन तथा सेवा प्रवाह
- ✓ गुणस्तरीय भौतिक पूर्वाधार निर्माण
- ✓ बालमैत्री तथा वातावरणमैत्री स्थानीय शासन

## आर्थिक बर्ष ०८२।०८३ को अनुमानित बार्षिक आय

आय तर्फ

| क्र स | शिर्षक | अनुमानित रकम |
|---|---|---|
| 1 | आन्तरिक राजश्व | १६३५०००0.00 |
| 2 | संघिय सरकारबाट प्राप्त राजश्व बाडफाड | १००८२२७८९.00 |
| 3 | संघिय सरकारबाट प्राप्त वित्तिय सामानिकरण | ११७४००००0.00 |
| 4 | संघिय सरकारबाट प्राप्त शसर्त अनुदान | २०६५००००0.00 |
| 5 | संघिय सरकारबाट प्राप्त विशेष कार्यक्रम | १३००००००.00 |
| 6 | संघिय सरकारबाट प्राप्त समपुरक योजना | १०५०००००.00 |
| 7 | प्रदेश सरकारबाट प्राप्त राजश्व बाडफाड | ११०४६०००.00 |
| 8 | प्रदेश सरकारबाट प्राप्त वित्तिय सामानिकरण | ८१४००००.00 |
| 9 | प्रदेश सरकारबाट प्राप्त विशेष कार्यक्रम | १७०००००.00 |
| 10 | प्रदेश सरकारबाट प्राप्त समपुरक योजना | ७५०००००.00 |
| 11 | प्रदेश सरकारबाट प्राप्त शसर्त योजना | ७५०००००.00 |
| 12 | जिल्ला समन्वय समिति | ४००००००.00 |

| | | |
|---|---|---|
| 13 | आर्थिक बर्ष ०८१।८२ को अल्या | ०.०० |
| जम्मा | | ५०४४५८७८९.०० |

## शिक्षा सम्बन्धि नीति

१. स्मार्ट विद्यालयको संचालन कार्यक्रमलाई निरन्तरता दिने छ ।

२. यस यशोधरा गाउँपालिकामा उच्च शिक्षाका लागि क्यामपस संचालन गर्न आवश्यक प्रक्रिया पुरा गरी आगामी शैक्षिक सत्र देखि संचालन गर्ने नीति लिइएको छ ।

३. गरिब तथा विपन्न परिवारका प्रतिभावान विद्यार्थीहरुको लागि गरिब, विपन्न, अपांग तथा दलित, गरिबीको कारण उच्च शिक्षाबाट बन्चित हुनु पर्ने स्थिति अन्तय गर्दै प्राविधिक प्रवेश परीक्षामा छात्रवृत्ति कोटामा उत्तिर्ण परीक्षार्थी र SEE परीक्षा उत्तिर्ण गरी विज्ञान तथा प्राविधिक शिक्षा पढने विद्यार्थीलाई बार्षिक रुपमा रु. ५०००। सम्म आर्थिक सहयोग गरिने छ।

४. गाउँपालिका भित्रका कक्षा ८ र कक्षा ५ परीक्षालाई व्यवस्थित तथा मर्यादित बनाउन पालिका स्तरीय परीक्षा समिति गठन गर्ने र उक्त परीक्षा संचालन तथा व्यवस्थापनका सम्पूर्ण जिम्मा परीक्षा समितिलाई दिने नीति लिइएको छ ।

५. गाउँपालिका भित्रका आधारभूत विद्यालयलाई भौतिकपूर्वाधर सम्म विद्यालय बनाउने नीति लिइएको छ ।

६. खेलकुद विकासका लागि गाउँपालिका अध्यक्ष,उपाध्यक्ष तथा वडा अध्यक्ष कप प्रतियोगिता कार्यक्रम संचालन गर्ने गरी प्रदेश तथा संघिय स्तरमा खेलाडीहरुलाई सहभागी गराउने नीति लिइएको छ ।

७. गाउँपालिका भित्र खेलकुदको लागि युवा समिति, संघ-संस्थामा आवद्ध युवाहरुलाई खेलकुदमा प्रोत्साहित गर्न खेलकुद सामाग्री वितरण गर्ने नीति लिइएको छ ।

८. सम्पूर्ण सामुदायिक विद्यालयहरुलाई जग्गाधनि दर्तापुर्जा उपलब्ध गराइने नीति लिइएको छ ।

९. सरकारी तथा गैर सरकारी संघ-संस्था राष्ट्रिय तथा अन्तरराष्ट्रिय संघ सस्थाहरुले विद्यालयहरु सँग समन्वय गरी कार्यक्रम गर्ने गरी समन्वय तथा स्वीकृत दिने नीति लिइएको छ ।

१०. विद्यालय उमेरका सबै बालबालिकाहरुको लागि सहज गुणस्तरीय शिक्षा उपलब्ध गराइने नीति लिइएको छ । साथै अतिरिक्त कृयाकलापको माध्यमबाट बालबालिकाहरुमा रहेको प्रतिभा खोजि कार्यक्रम संचालन गरिनेछ ।

११. बालविकास केन्द्रका कक्षाकोठाहरुलाई सबलिकरण गरिनेछ र प्रविधि मैत्री बनाइ उनीहरुलाई प्रविधिमा आधारित पठन पाठनको व्यवस्था गरिनेछ ।

१२. प्राविधिक विद्यालयलाई संचालन तथा व्यवस्थापनमा जोड दिइ प्राविधिक हबको रुपमा विकास गरिने छ ।

## स्वास्थ्य सम्बन्धि नीति

१३. १५ शैयाको निर्मणाधीन अस्पताल आगामी आर्थिक बर्ष भित्र सम्पन्न गरी सो भवनमा अस्पताल संचालन गरिने छ ।

१४. ८० बर्ष माथीका जेष्ठ नागरिकहरुलाई प्राथमिक स्वास्थ्य परीक्षण घर दैलोमा गर्ने नीति लिइएको छ ।

१५. यशोधरा गाउँपालिका भित्र बसोबास गर्ने सम्पुर्ण गर्भवती एव क र ख वर्गको अपागंता भएको ब्यक्ति जेष्ठ नागरिक (८० बर्ष माथि ) लाई नजिकको स्वास्थ्य संस्था सम्म नि शुल्क एम्बुलेन्स सेवा प्रदान गरिनेछ ।

१६. गर्भवती महिलाहरुको प्रोटोकल अनुसार स्वास्थ्य परिक्षण गरिने साथै कुपोषण दरलाई हटाउनका लागि गर्भावती महिला तथा बालबालिकाहरुको लागि विशेष व्यवस्था मिलाइने छ ।

१७. आधारभूत अस्पताल सुठौलीमा स्वास्थ्य संस्था मार्फत सुलभ औषधी पसल संचालनको लागि आवश्यक पहल गरिने छ ।

१८. आर्युवेद तथा वैकल्पिक पद्दतीबाट गरिने स्वास्थ्य उपचार सेवालाई गुणास्तरी र प्रभावकारी बनाइने छ ।

१९. स्वास्थ्य क्षेत्रको समग्र विकासको लागि संघिय सरकार, प्रदेश सरकार तथा अन्य सार्वजनिक गैरसरकारी संस्था सँग सहकार्य र समन्वय गरिने छ ।

२०. गाउँपालिका भित्र गठित आमा समुहहरुको स्वास्थ्य स्वयंसेविका मार्फत अनिवार्य मासिक बैठक संचालन गर्ने छ ।

२१. एक घर एक चर्पी कार्यक्रम संचालन गरी स्वच्छ यशोधरा खुसी जनता कार्यक्रम संचालन गरिनेछ ।

२२. नसर्ने रोग सम्बन्धी रोगहरुको चाप बढी रहेकोले सो रोगको न्युनिकरण गर्न बिशेषज्ञ चिकित्सक सहितको स्वास्थ्य शिविर संचालन गरि पहिचान भएको बिरामीहरुलाई नि:शुल्क बर्ष भरि औषधी उपलब्ध गराईनेछ ।

२३. जेष्ठ नागरिक संग अध्यक्ष कार्यक्रम संचालन गरि जेष्ठ नागरिकहरुको घर दैलो मा स्वास्थ्य सेवा कार्यक्रम संचालन गरिनेछ ।

२४. मोतिया बिन्दु बिरामीको लागि नि:शुल्क सल्यक्रिया सहितको आँखा शिविर संचालन गरिनेछ ।

२५. ग्रामिण अल्ट्रासाउण्ड सेवालाई थप प्रभावकारी बनाई सम्पुर्ण गर्भवती महिलाहरुलाई नि ः शुल्क अल्ट्रासाउण्ड सेवा प्रदान गरिनेछ ।

२६. गर्भवती महिलाहरुको ८ पटकको जाँचलाई १०० प्रतिशत गर्नको लागि प्रदान गरिदै आएको प्रत्येक जाँचमा आयोनुन , आइरन र क्याल्सियम कार्यक्रमलाई निरन्तरता दिनेछ ।

२७. स्थानिय तहले स्वास्थ्य संस्था मार्फत निः शुल्क रुपमा उपलब्ध गराउने औषधी र औषधी जन्य समाग्रीलाई निरन्तरता दिइनेछ ।

२८. बिद्यालय स्वास्थ्य सेवालाई प्रभावकारी बनाउन रोमिङ्ग अ.न.मी. ब्यवस्था गरि बिद्यालय स्वास्थ्य सेवा कार्यक्रम संचालन गरिनेछ ।

## सामाजिक विकास सम्बन्धि नीति :

२९. स्वास्थ्य बीमा कार्यक्रमलाई निरन्तरता दिइने छ ।

३०. लघु उद्यम विकास कार्यक्रमलाई अगाडी बढाइने छ ।

३१. बालबालिका, किशोर/किशोरी तथा युवाको हक अधिकार सम्बन्धि कार्यक्रम संचालन गरिने छ ।

३२. जेष्ठनागरिक, एकल महिला, विद्यवा तथा लोपोन्मुख जातीको सम्मान तथा संरक्षण गरिने छ ।

३३. बालबालिका तथा युवाको शारीरिक तथा मानसिक विकासका लागि खेलकुदलाई प्रवर्द्धन गरिने नीति लिइएको छ ।

३४. सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी बनाउन टोलविकास संस्था गठन तथा परिचालन गरिने नीति लिइएको छ ।

३५. स्वच्छ सफा तथा सुरक्षित खानेपानीको लागि खानेपानी आयोजना कार्यक्रम संचालन गरिने छ । निर्मित खानेपानी टंकीहरुलाई आगामी आर्थिक बर्ष भित्र अनिवार्यरुपमा उपयोगमा ल्याउन खानेपानीलाइनको विस्तार गरी संचालनमा ल्याइ एक घर एक धाराको व्यवस्था गरिने छ । साथै खानेपानी स्रोतको आरसेनिक जाँचको आवश्यक व्यवस्था मिलाइने छ ।

३६. ऐतिहासिक, धार्मिक तथा संस्कृतिक सम्पदा र सार्वजनिक स्थलको संरक्षण एवं सम्वर्द्धन गरी पर्यटकीय स्थलको रुपमा विकास गर्न आवश्यक नीति लिइएको छ । साथै आन्तरकि तथा वाह्य पर्यटक आकर्षित गर्नको लागि आवश्यक पर्ने ठाँउमा पार्क निर्माण, पोखरी एवं तालको सुन्दरीकरण तथा जलजगेडा (Water reserved) तर्फ विशेष जोड दिइने छ ।

३७. स्थानीयस्तरमा परम्परागत सीप कलामा आधारित व्यवसायलाई प्रोत्साहन गर्दै आधुनिक प्रविधि मैत्रि बनाइ पेशालाई प्रवर्द्धन गरिने छ ।

३८. वहुक्षेत्रीय पोषण कार्यक्रमलाइ निरन्तरता दिने नीति लिइएको छ ।

**३९.** संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले २०७८ सम्म सबै स्थानीय तहलाई बालमैत्री बनाउने लिइएको लक्ष्य अनुसार बालमैत्री स्थानीय शासन कार्यक्रम निरन्तरता दिने नीति लिइएको छ ।

४०. सामाजिक एकताको भावनाको साथै समृद्धि यशोधरा बनाउने र महिला, बालबालिका, दलित अपांगता भएका व्यक्ति आर्थिक सामाजिकरुपले पछाडी परेका सबै वर्ग तहका जनताको हितमा उद्यम विकास कार्यक्रम सँग आवद्ध गरी जीवनस्तरमा सुधार ल्याउन विशेष कार्यक्रम संचालन गर्ने नीति लिइएको छ ।

## पूर्वाधार तथा भौतिक संरचना सम्बन्धि नीति

४१. सामुदायिक विद्यालयहरुको भौतिक संरचना पहिचान गरी वडाहरुको लागत सहभागीतामा विशेष प्राथमिकताका साथ निर्माण कार्य अगाडी बढाउने नीति लिइएको छ ।

४२. सिंचाइमा सहयोग हुनका लागि सिचांइ संरचनाहरु निर्माणका लागि दाताहरुको सहयोगमा ताल, तलैया, नदि, कुलो र नहरमा जलजगेड गर्न बाध आवश्यक निर्माण प्रक्रिया अगाडी बढाउने नीति लिइएको छ ।

४३. टेण्डर भइ संचालनमा रहेका बहुबर्षीय योजनाको लागि बजेट विनियोजन गरिने छ ।

४४. पालिका पाङ्गणमा रहेको पोखरी सुन्दरीकरणका लागि तयार भएको डि.पि.आर बमोजिम सुन्दरीकरण निर्माण कार्यलाई निरन्तरता दिइने छ।

४५. यस गाउँपालिका भित्र श्रोत नक्सा सहित भू-उपयोग योजना र घरनक्सा पास तथा अभिलेखिकरण गर्न आवश्यक नीति, कानुन तथा मापदण्ड तयार गरी लागु गरिने छ ।

४६. सुरक्षित तथा जनता आवास कार्यक्रमलाई निरन्तरता दिइने छ ।

४७. गाउँपालिकास्तरीय खेलमैदान निर्माणको लागि तयार भएको डि.पि.आर बमोजिम यस बर्षमा खेलमैदान निर्माण कार्यलाई निरन्तरता दिइने छ ।

४८. गाउँपालिका तथा संघिय र प्रदेश सरकारको लागत साझेदारीमा (समपुरक अनुदान) संचालन हुने सडक योजनाहरु निरन्तरता दिइने छ ।

४९. पालिकाको उज्यालो कार्यक्रमलाई निरन्तरता दिने र वैकल्पिक उर्जा कार्यक्रमलाई समेत जोडदिने नीति लिइएको छ । साथै वडाको लागत साझेदारीमा गाउँको चौक/चौराहाहरुमा High mast light लगाउने नीति अवलम्बन गरिएको छ ।

५०. जिल्ला दररेट अनुसार यस पालिका भित्र भइरहेको निर्माण कार्यको दररेट बमोजिम निर्माण हुन नसकने देखिएकोले गाउँपालिकाले निर्माण सामाग्रीको दररेट निर्धारण गरी लागु गरिने नीति लिइएको छ ।

५१. योजना तथा कार्यक्रम जेष्ठ मसान्त भित्र समपन्न हुने गरी फाल्गुन मसान्त भित्र सम्झौता गरिने नीति लिइएको छ ।

५२. अगामी आर्थिक बर्षमा मर्मत सम्भार कोष खडा गरी आवश्यक बजेटको व्यवस्था मिलाइने छ ।

५३. यस यशोधरा गाउँपालिका भित्रको योजना, आयोजना तथा कार्यक्रमहरु कार्यान्वयन गर्दा निर्माण व्यवसायीहरुले कार्य सम्पन्न नगरी निर्माण कार्यमा बाधा व्यवधान ल्याएमा त्यस्ता निर्माण व्यवसायी/कम्पनी प्रा लि हरुलाई ठेक्का स्तर अनुसार पालिका स्तरीयको हक गाउँपालिकाबाट कालोसूचिमा राख्न पहल गर्ने र कम्पनि प्रा लि हरुको हकमा सम्बन्धि निकायमा कालो सुचि गर्ने नीति लिइएको छ ।

५४. उपभोक्ता समिति मार्फत संचालन हुने योजनाहरुको हकमा देहाय बमोजिम गर्ने/गराउने व्यवस्था मिलाइने छ ।

क. स्वीकृत योजनाहरु मध्ये रु. १० लाख सम्मका रकम विनियोजित योजनाहरु मात्र उपोभक्ता समिति मार्फत संचालन गर्न सकिने व्यवस्था गरिने छ ।

ख. रु. ५ लाख सम्मका विनियोजित योजनाहरु वडा कार्यालयका प्रतिनिधिहरुको रोहबरमा वडा कार्यालयमा खटिएका प्राविधिकबाट लागत स्टीमेट, मूल्यांकन तथा भुक्तानीका लागि आवश्यक कार्यहरु वडा कार्यालयबाट संचालन हुने व्यवस्था मिलाइने छ ।

ग. पाँच लाख भन्दा बढी लागत अनुमान भएका उपभोक्ता समिति मार्फत संचालन गरिइने योजनाहरुको हकमा भुक्तानी गर्दा भुक्तानी हुने रकमको ५ प्रतिशत रकम धरौटी कट्टा गरी अन्य रकम भुक्तानी दिने व्यवस्था मिलाइने छ ।

## भूमी व्यवस्था, कृषि तथा पशु सम्बन्धि नीति

५५. गाउँपालिका भित्र रहेका छाडा पशुहरुको दृघकालिन रुपमा व्यवस्थापन गरिने छ ।

५६. माटो परीक्षण कार्यमा जोड दिइनेछ साथै माटो परीक्षणका लागि गाउँपालिका कृषि शाखाबाट माटो परीक्षण ल्याब व्यवस्थापन गरिइने छ ।

५७. कृषि/पशु समुह र सहकारीको साझेदारीमा कृषि उत्पादन बाजारिकरण तथा प्रसोधन कार्यक्रम संचालन गरिने छ ।

५८. कृषि सँग सम्बन्धि NGO/INGO तथा दातृनिकाय सँग सहकार्य गरी कार्यक्रम संचालन गरिने छ

५९. कृषि तथा पशु सेवा व्यवस्थित बनाउन वडा कार्यालय मार्फत कृषि तथा पशु सेवा संचालन गरिने नीति लिइएको छ ।

६०. यस गाउँपालिका भित्र कृषि पेशामा संलग्न रहेका कृषकहरुलाई उत्पादन मुलक तथा आय/आर्जनको कार्यक्रममा आवश्यक सुधारको नीति लिइएको छ ।

६१. कृषि तथा पशु कार्यमा संलग्न कृषक मध्ये व्यवसायिक रुपमा कृषि कार्य गर्नेलाई प्रवर्द्धन गरिने नीति लिइएको छ ।

६२. अगामी आर्थिक बर्ष ०८२।०८३ मा पशु बिमा कार्यक्रम संचालन गर्ने नीति लिइएको छ ।

६३. यस पालिकालाई दुधमा आत्म निर्भर बनाउन उत्पादक कृषकले दुध संकलन केन्द्रमा दुध विक्री गर्ने किसानलाई प्रति लिटर रु. २ का दरले नगद प्रोत्साहन स्वरुप दिने व्यवस्था मिलाइने छ ।

## सुशासन प्रवर्द्धन संगठन विकास सम्बन्धि नीति

६४. गाउँपालिकाको मध्यकालिन खर्च संरचना तयार गरी कार्यान्वयनमा ल्याइने छ ।

६५. बार्षिक बजेट तथा कार्यक्रम कार्यान्वयनको क्रममा वडा कार्यालय संचालनमा आवश्यक मालसमान, बार्षिक बजेट अनुसार लक्षित बर्गका लागि खरिद गर्नु पर्ने मालसमान तथा वस्तु र सामाजिक विकास क्षेत्र अन्तरगत संचालन हुने सीप मुलक र जनचेतना मुलक तालिम लगायत खरिद कार्य वडाबाट हुने गरी व्यवस्था मिलाइने छ ।

६६. क्षमता विकास योजना बनाइ कर्मचारी तथा पदाधिकारीहरुको समय समयमा क्षमता विकास तालिम संचालन गरिने छ ।

६७. कार्यालयको सुशासन कायम गर्न समय समयमा सार्वजनिक सुनुवाइ, सामाजिक परीक्षण जस्ता कार्यहरु समयमै गरिने छ ।

६८. संगठन संरचना एवं दरवन्दीको सर्वेक्षण O&M Survey कार्य गरिने छ ।

६९. यस पालिकामा सेवा करारमा कार्यरत कर्मचारीहरुलाई अगामी आर्थिक बर्ष देखि सामाजिक सुरक्षा कोषमा अबद्ध गर्ने नीति लिइएको छ ।

७०. सुशासन तथा विकासका लागि सूचना प्रवर्द्धन तथा जीविकोपार्जन कार्यक्रम(नवप्रवर्तन कार्यक्रम) संचालन निरन्तरता दिइने छ ।

७१. गाउँपालिका कार्यालयलाई अनुशासित एवं मर्यादित बनाउनको लागि दण्ड एवं पुरस्कारको नीति अवलम्बन गरिने छ ।

७२. प्रत्येक वडामा सहायक कम्प्युटर अपरेटरको व्यवस्था मिलाइने छ ।

७३. पालिकामा good-governance, e-governance का लागि आवश्यक पहल गरिने छ ।

७४. गाउँपालिकाको सम्पूर्ण कार्यक्रमको लक्ष्य पुर्ति हुनका लागि लक्ष्य पुर्ति उद्देश्य हासिल गरिने गरी त्रैमासिकरुपमा प्रगति प्रतिवेदन सहितको समिक्षा अनिवार्य रुपमा गरिइने व्यवस्था मिलाइने छ ।

## राजश्व परिचालन एवं अभिवृद्धि सम्बन्धि नीति

**७५.** स्थानीय तहको वित्तीय अधिकार क्षेत्र भित्रका श्रोतहरुको पहिचान, दायरा विस्तार र नागरिकहरुलाई कर संजालमा आवद्ध गरी कर संकलनमा प्रभावकारिता ल्याई संकलित रकमलाई पूँजी वृद्धि क्षेत्रमा लगानी गर्दै गाउँपालिकाको दिगो विकास गर्नमा जोड दिइनेछ ।

**७६.** गाउँपालिका भित्र नियमित रुपमा संचालन हुने उधोग, व्यापार व्यवसायको अनिवार्य दर्ता र इजाजत लिनुपर्ने पक्षलाई मापदण्ड बनाई कार्यान्वयनमा ल्याइनेछ ।

७७. पूर्वाधार सेवा (खानेपानी, स्थानीय सडक, विधुत) उपयोगवाट राजस्व संकलनका लागि कार्यविधि तर्जुमा गरी कार्यान्वयनमा ल्याइनेछ ।

७८. गाउँपालिका भित्र भौतिक संरचना निर्माण गर्दा नक्सा पास अनिवार्य गरिनेछ ।

**७९.** यशोधरा गाउँपालिका अर्न्तगत भएको प्राकृतिक श्रोतहरुको (जस्तै) ठूलो पोखरी, ताल तथा नदी जन्य वस्तु ) हरुको पहिचान तथा वातावरणीय प्राविधिक सर्वेक्षण गरी अनिवार्य ठेक्कामा लगाइ राजश्व संकलनको दायरा बढाइनेछ। तथा उक्त वडा वाट संकलन भएको कुल जम्मा रकमको ५०% लगानी सम्बन्धित ठाउँमा लगानी गरिने नीति लिएको छ।

**८०.** कर शिक्षा सम्बन्धी सचेतना मूलक कार्यक्रम संचालन गरि वडा एंव समुदाय स्तरमा कर शिक्षा सम्बन्धि प्रचार प्रसार सामाग्री वितरणका साथै कर सिर्जना , कर दायित्व र कर लाभका विषयमा प्रभावकारी कार्यक्रमहरु संचालन गरिनेछ ।

८१. गाउँपालिका भित्र नियमित संचालित स्थानीय साना सवारी साधनलाई नम्बरिङ गर्ने र सोको अभिलेख राखी करको दायरामा ल्याइनेछ ।

८२. आर्थिक वर्षको शुरुको महिनामा एकमुस्ट कर भुक्तानीमा ५ प्रतिशत छूट दिइनेछ ।

८३. आ.व. ०८२/ ०८३ देखि अनिवार्य रुपमा सम्पत्ति कर प्रणाली लागु गरिनेछ ।

**८४.** गाउँपालिका अर्न्तगत रहेको सुठौली भन्सार भएर जाने भारतीय नम्बर प्लेट गाडीहरुको लागि जग्गा व्यवस्थापन गरी पार्किङको व्यवस्था मिलाइ सशुल्क उठाइनेछ।

८५. गाउँपालिका अर्न्तगत २ ठाउँमा हाट बजार संचालनका लागि आवश्यक पहल गरिनेछ र गाउँपालिका भित्र भएका बजारहरुको व्यवस्थापनका लागि बजार व्यवस्थापन समितिको निर्माण गरिनेछ ।

८६. बजार व्यवस्थापन का लागि गठन भएको समितिलाई बजार व्यवस्थापन सम्बन्धि तालिम संचालन गरिनेछ ।

८७. करमा परदर्शिता कायम गर्नको लागि कर संकलनमा सूचना प्रविधिको उपयोग गरिनेछ।

८८. यस गाउँपालिका अर्न्तगत भएका पसल, व्यवसाय , संस्था , सेवा,बजार लगायत आन्तरिक राजश्व संकलन हुने ठाउँको नियमित अनुगमन गरिने व्यवस्था गरिनेछ ।

८९. तोकिएको कर तथा गैरकर संकलन कार्यका लागि समुदाय स्वंय र जनप्रतिनिधिहरुलाई बढी जिम्मेवार बनाउने नीति अख्तियार गरिनेछ । नागरिकले तिर्ने कर र गाउँपालिकाले नागरिकलाई प्रदान गर्ने सेवा सुविधाका वीचमा प्रत्यक्ष सम्बन्ध कायम हुने संयन्त्रको विकास गरिनेछ ।

## सूचना तथा संचार सम्बन्धि नीति

९०. नेपाल सरकार, प्रदेश सरकार, स्थानीय तह तथा अन्य संघ-संस्थाहरुबाट डिजिटल माध्यमबाट प्रवाह हुने सेवामा समुदायको पहुच वृद्धि हुने उद्देश्यले प्रत्येक वडामा समुदायमा आधारित डिजिटल सेवा केन्द्रलाइ वडा कार्यालयको हेल्प डेस्कको रुपमा संचालन गरिने छ ।

९१. सार्वजनिक सेवालाई अझै प्रभावकारी बनाउने उद्देश्यले गाउँपालिकाको कार्यालय, अन्तरगत वडा कार्यालय, स्वास्थ्य संस्था तथा शैक्षिक संस्थाहरुमा Biomatrix E-Attendance आनिवार्य रुपमा लागु गर्ने नीति लिइएको छ ।

९२. गाउँपालिका तथा अन्तरगत निकायहरुको प्रत्यक्ष निगरानि तथा निरिक्षण गर्न गाउँपालिकाको कार्यालयमा Surveillance System को व्यवस्था गरिने छ ।

९३.गाउँपालिका अन्तरगत स्वास्थ्य संस्था, विद्यालय, वडा कार्यालयबाट प्रवाह हुने सेवाहरुमा सूचना प्रविधिको अधिक्तम प्रयोगको व्यवस्था मिलाइने छ ।

९४. गाउँका कार्यक्रम तथा सूचनाहरु सम्पूर्ण जनतामा पुर्याउन र पारदर्शिता कायम गर्न संचार माध्यमहरु एफ.एम. पत्रपत्रिका तथा सामुदायिक आनलाइन न्यूजहरु संग सहकार्य गरि कार्यन्वयनमा ल्याउनेछ।

९५. गाउँपालिकामा डिजिटल साक्षरता कार्यक्रम संचालनलाइ निरन्तरता दिइने छ ।

## न्यायिक सम्बन्धि नीति

९६. न्यायिक कार्य सम्पादनमा स्थानिय सरकार संचालन ऐन २०७४ को दफा ४९ को उपदफा २ बमोजिम न्याय सम्पादन गरिने छ।

९७. सबै विवादहरु न्यायी समितिमा दर्ता भइ मेलमिलापका लागि सम्बन्धित वडाका मेलमिलाप केन्द्रमा पठाइ विवादमाथी आवश्यक प्रकृया अनुसार मिलापत्र गराइने छ ।

९८. सबै वडामा रहेका सुचिकृत मेलमिलाप कर्ताहरु, सामाजिक अभियानता, वुद्धिजिवि तथा भद्रभला मानिसहरुलाई न्यायिक कार्य बारे पुर्नताजगि तालिमको व्यवस्था मिलाइने छ ।

९९. न्यायिक समितिलाई शशक्तिकरण गर्दै आझै सक्रिया बनाउन विभिन्न कार्यहरुमा विशेष जोड गरिनेछ ।

१००. न्यायिक समितिमा परेको उजुरीहरुको प्रकृति अनुसार म्याद भित्र निरुपण गरिने छ ।

१०१. वडा मेलमिलाप केन्द्रमा रहेका संयोजक र सुचिकृत मेलमिलाप कर्ताहरुलाइ सेवा सुविधाको व्यवस्था तथा न्यायिक कार्यलाई अझै प्रभावकारी बनाउन मेलमिलाप केन्द्र व्यवस्थापन गरी न्याय सम्पादन प्रक्रिया अगाडी बढाने छ ।

१०२. युवा तथा महिला सँग उपाध्यक्ष सँग कार्यक्रम संचालन गरी युवा तथा महिलाहरुलाई उद्यम व्यवसाय सीप सँग जोडदै उनीहरुलाई आत्मनिर्भर बनाउन आवश्यक सीप तालिमको व्यवस्थापन गर्दै उद्यम शील पालिका बनाउन प्रवर्द्धनात्मक कार्यक्रम संचालन गरिने छ ।

## रोजगार सँग सम्बन्धित नीति

१०३. गाउँपालिकाले बेरोजगारीको समस्यालाई समाधान गर्न रोजगार रणनीति तर्जुमा गरि कार्यान्वनमा ल्याउने छ ।

१०४. भौतिक निर्माण र मर्मत सम्भारका कार्य गर्दा सम्भव भए सम्म मेशिननरी औजारको प्रयोग कम गरेर स्थानीय श्रममुलक प्रविधि अपनाएर कार्यान्वयन गरी स्थानीय रोजगार प्रवर्द्धन गरिने छ ।

१०५. सूचिकृत बेरोजगार श्रमिकहरुलाई स्थानिय आवश्यकता र उनीहरुको रोजाइ अनुसारका प्राविधिक सिप तथा तालिमको व्यवस्था गर्न व्यवसायीक तथा प्राविधिक तालिमका लागि CTEVT तथा नीजि क्षेत्रका एवं सीप मुलक तालिम प्रदाय निकायमा पनि आवश्यक समन्वय गरिने छ ।

१०६. प्रधानामन्त्री रोजगार कार्यक्रमलाई अझै प्रभावकारी रुपमा अगाडी बढाउन सामुदायिक आयोजनामा यस पालिकाको लागत साझेदारी कायम गरिनेछ ।

१०७. वैदेशिक रोजगारिमा जानेहरुको लागि पुन: श्रमस्वीकृतीको सहजीकरणलाई अझै छिटो छरितो गर्नुका साथै वडातहमा डिजिटल सेवा मार्फत समेत सेवा प्रदान गरिने छ ।

१०८. यशोधरा गाउँपालिकाको अभियान श्रमको सम्मान कार्यक्रम सबै वडामा व्यापक रुपमा संचालन गरिने छ ।

१०९. SAMI परियोजना संचालन गर्न यस पालिकाबाट लागत साझेदारीका लागि आवश्यक बजेट व्यवस्था गरिने छ ।

११०. नेपाल सरकारको श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयबाट संचालित प्रधानमन्त्रि रोजगार कार्यक्रमलाई निरन्तरता दिइने र उक्त कार्यक्रममा रहेका र रहने कर्मचारीको पारिश्रमिकको व्यवस्था गाउँपालिकाले मिलाइ अझै प्रभावकारी रुपमा अगाडी बढाइने नीति लिइएको छ ।

## वातावरण तथा विपद् व्यवस्थापन सम्बन्धि नीति

१११. गाउँपालिका भित्र मुख्य सडकमा सार्वजनिक स्थलमा वृक्षारोपण, जलउत्पन्न प्रकोप, भू-क्ष्य नियन्त्रण तथा आगलागी नियन्त्रणका लागि प्रदेश, संघ र अन्य सरोकारवाला निकाय सँग समन्वय र कार्य गरिने नीति लिइएकोछ ।

११२. गाउँपालिकालाइ वातावरणमैत्री घोषणा गर्ने आवश्यक नीती लिइएको छ ।

११३. फोहोरमैला व्यवस्थापनका लागि आवश्यक कार्य संचालन गरिने छ ।

११४. विपद व्यवस्थापन कार्यका लागि विपद् कोषमा आवश्यक रकमको व्यवस्थापन गरिने छ ।

११५. विपद् पिडितलाई राहत वितरण कार्यलाई निरन्तरता दिने छ ।

११६. विपद् व्यवस्थापन समितिलाई अझै सक्रिया रुपमा परिचालन गरिने छ ।

११७. विपद पूर्व तयारी, विपद सम्बन्धि कार्यक्रमलाई प्रभावकारी बनाउन जोखिम क्षेत्रको पहिचान गरी समुदायमा आधारित विपद पूर्व तयारी योजना निर्माण गर्ने र सो बमोजिम सरकारी तथा गैरसरकारी संस्थाको सहायतामा काम गर्ने र अनुगमनको क्षेत्रलाई प्रभावकारी बनाउने नीति लिइएको छ ।

## विधायन तथा वित्तीय अनुशासन सम्बन्धि नीति

११८. महालेखा परीक्षकबाट सुझावका रुपमा पेश गरिएका सुझाव उपर र नियमित गर्नुपर्ने सबै कुरा आर्थिक ऐन बमोजिम गरिनेछ ।

११९. वित्तीय अनुशासन,पार्दशिता र जवाफदेहीतालाई सशक्त बनाउन,वित्तीय जोखिम न्युनिकरण गर्न र सेवाप्रवाहलाई छिटो छरितो एवं पारदर्शी बनाउन डिजिटल नागरिक वडा पत्र वडा कार्यालयमा विस्तार गरिने छ ।

१२०. ऐन, कानून, कार्यविधि, नियमावली तथा निर्देशिका पूर्ण लागु हुने गरी बनाउनका लागि सो संग सम्बन्धित विशेषज्ञबाट अध्ययन अनुसन्धान, परामर्श गर्न आवश्यक बजेट विनियोजन गरि कार्यान्वयनमा लैजाने नीति लिइएको छ ।

## मर्यादा पालन सम्बन्धि नीति

१२१. गाउँ सभा संचालन कार्यविधि २०७४ मा उल्लेखित मर्यादा पालनमा सम्बन्धी विविध विषयहरुलाई पालनामा जोड दिइएको छ ।

१२२. जन निर्वाचित पदाधिकारीहरु तथा कर्मचारीहरुको लागि बनाइएको आचारसंहिता अनुशासन समिति गठन गरी अनिवार्य रुपमा लागु गरिने छ ।

## धन्यवाद